# EXPRESSION OF INTEREST FOR SHORT LIST

**Job:** **“Preparation of Tourism Master Plan and DPR of Major Infrastructures required for Muktinath Area”**

**Consulting Firm/Joint Venture**

**Name:**

**Contact Address:**

**Ph. No.:**

**Mobile No:**

**E-mail ID:**

**Lead Consultant (in case of JV)**

**Name:**

**Contact Address:**

**Ph. No.:**

**Mobile No:**

**E-mail ID:**

**Employer:**

**Government of Nepal**
**Ministry of Culture, Tourism and Civil Aviation**
**Singhdurbar, Kathmandu**

# EOI Forms

## ELIGIBILITY QUALIFING CRITERIA

### 1. Eligibility Criteria:

| S.N. | Eligibility Criteria | Compliance | Status |
|---|---|---|---|
| 1 | Corporate Registration | Yes/No | Pass/Fail |
| 3 | Tax Clearance / Renewal of Tax / PAN certificate | Yes/No | Pass/Fail |
| 4 | VAT/PAN Registration | Yes/No | Pass/Fail |
| 5 | Adherence to code of Ethics and Anti Corruption Policy | Yes/No | Pass/Fail |
| **NOTE A: Consulting Firms can form a Joint Venture (JV). The EOI of Standing List must clearly mention the name of the leading firm with financial liabilities. (One firm can bid either single or JV only once)** | | | |
| **NOTE B: Maximum no of JV Firms: Three (Each Firm must have minimum standing of 5 years)** | | | |
| **NOTE C: Association of Firms: Not Allowed** | | | |

### 2. Details of Qualifying Criteria

| Description of Criteria | Marks Out of 100 | Minimum Marks to be Obtained Under Each Criteria |
|---|---|---|
| **A] Financial Capacity of Firm** | **10** | **5** |
| **B] Experience of Firm** | **45** | **23** |
| **C] Availability of Required Professional Key Personnel** | **35** | **25** |
| **D] Commitment for Code of Ethics and Anti-Corruption Policy** | **3** | **3** |
| **E] Equipment and Logistics** | **7** | **4** |

**FORM-1:**

## A. Financial Capacity of Firm (Last 5 Years) (Maximum 10 Marks)

| Fiscal year (FY) | Annual turnover |
|---|---|
| | |
| | |
| | |
| | |

| |
|---|
| **Note 1:** The Firm and/or JV Shall have to submit Notary public attested Tax Clearance Certificate of each fiscal year, supposed to be counted for EOI evaluation. Submission of Audit report or any other compiled tables shall not be considered for EOI evaluation. |
| **Note 2:** In case of JV business, the firm and/or JV shall have to submit Notary Public Attested Tax Clearance Certificate of each fiscal year along with the JV Agreement of that business, supposed to be counted for EOI Evaluation. |
| **Note3:** In case of JV average annual turnover of the JV shall be evaluated taking account the % of financial liability as stated in the JV Agreement for the EOI. If the JV agreement shall not clear about the % of financial liability, the marks of financial capacity shall be evaluated to Zero. |
| **Note 4:** For the evaluation of financial capacity, inflation adjustment factor shall be considered as per NRB. |

**FORM-2:**

## B. Experience of Firm/JV During Last 5 Years (Max 45 marks)

### a) General experience of the firm in Development projects (Completion of work of each job: Service Cost more than 10 Lakhs excluding VAT) (Maximum 15 Marks)

| S.No. | Job Details | Value of Contract | Complete Date | Involvement (Single/JV) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**b) Experience of the firm in similar projects (Completion of work of Tourism Master Plan/ Long Term Development Plan/ Periodic Plan / Planning with DPR) Service Cost more than 10 Lakhs excluding VAT) (Maximum 30 Marks)**

| S.No. | Job Details | Approximate value of Contract | Start Date | Complete Date | Involvement (Single/JV) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**Note 5:** The services for Government of Nepal (GoN) organizations (Fully or Semi/Partially owned) shall only be evaluated as firm/JV experiences for the EOI.

**Note 6:** Any sublet service for Government of Nepal (GoN) organizations (Fully or Semi/Partially owned) by Firm/JV from another private firm/JV shall not be evaluated as Firm/JV experience for the EOI.

**Note 7:** Any service experience older than 10 years (counted from last date of submission of EOI shall not be evaluated as firm/JV experience for the EOI. Each experience certificate shall clearly indicate the description of service, service amount (in/excluding vat), date of completion.

**Note 8:** No marks shall be given for the experience of the firm if the completion certificate is not attached. Projects completed within the **last 5 years only** will be evaluated. (Attested Experience Certificate)

**FORM-3:**

**C] Availability of Required Key Professional Key Personnel (Maximum 35 Marks)**

| S.N. | Description | Person | Unit | Minimum Experience after Bachelor | Minimum Qualification Required |
|---|---|---|---|---|---|
| **A.** | **Key Staff** | | | | |
| 1 | Urban Planner (Team Leader) | 1 | No. | 10 | M Sc. in Urban planning/Civil /Architectural Engineering/Planning |
| 2 | Archeologist | 1 | No. | 5 | M.Sc./Anthropology/Sociology |
| 3 | Tourism Expert | 1 | No. | 5 | M.Sc./Social Science /Anthropology/Tourism. |
| 4 | Sociologist | 1 | No. | 5 | Masters/ Social Science/Anthropology. |
| 5 | Geologist | 1 | No. | 5 | M.Sc. geology/Geotechnical Engineering |
| 6 | Structural Engineer | 1 | No. | 5 | M.Sc. Structure |
| 7 | Architecture Engineer | 1 | No. | 5 | B.E. Arch |
| 8 | Civil Engineer | 2 | No. | 5 | B.E. Civil |
| 9 | Electrical Engineer | 1 | No. | 5 | B.E. Electrical |
| 10 | Senior Surveyor | 2 | No. | 5 | Bachelor in Survey/ Geomatics /Senior Survey Course after Bachelor |
| **B** | **Support Staff** | | | | |
| 1 | Sub Engineer Civil | 2 | No. | 5 | Diploma in Civil Engineering or Equivalent |
| 2 | Draft Person | 2 | No. | 5 | Diploma in Architecture Engineering or Equivalent |
| 3 | Computer Operator | 2 | No. | | +2 in any field with Basic Computer Training |
| 4 | Office Assistants | 3 | No. | | N/A |

**FORM-4:**

**D) Adherence to code of Ethics and Anti-corruption policy (Maximum 3 Marks)**

**It is mandatory to provide the firms' commitment on Codes of Ethics and Anti-Corruption Policy. Upon failing to do so, the firm will be disqualified for the evaluation. Mechanism to monitor the adherence to these policies also should be stated.**

**FORM-5:**

**E) Equipment and logistics of the company: (Maximum 7 Marks)**

| Equipment | Requirement | Evidence |
|---|---|---|
| 4 WD Vehicle | 2 | |
| GPS | 2 | |
| Total station | 1 | |
| Desktop Computer/Laptop | 4 | |
| Printer | 3 | |

**(Note: attach attested bill/hire letter)**

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरवार, काठमाडौ ।



# मुक्तिनाथ क्षेत्रको गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने कार्यको अध्ययनसम्बन्धी DRAFT TOR

## १ पृष्ठभुमी

नेपाल एक ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, धार्मिक सम्पदा एवं वस्तुहरूले सुसम्पन्न राष्ट्र हो । त्यसैले पर्यटनसँग सम्बन्धित प्राकृतिक तथा साँस्कृतिक क्षेत्रलाई नेपालको आर्थिक विकासको प्रमुख क्षेत्रको रुपमा विकास गर्न आवश्यक छ। यसले देशको धार्मिक तथा साँस्कृतिक धरोहरको संरक्षण, सम्बर्द्धन समेत गरि कूल ग्राहस्थ उत्पादन तथा देशमा बैदेशिक मुद्रा आर्जन गर्ने तथा आय आर्जनका अवसर समेत सिर्जना गरि गरिवी निवारणमा समेत योगदान पुग्न गएको छ ।अद्वितिय प्राकृतिक एवं साँस्कृतिक सम्पदा तथा साहसिक पर्यटनको बृहत सम्भावना रहेको नेपालमा पर्यटकिय पूर्वाधारहरुको विकास गर्नु आजको आवश्यकता रहेको छ । यसै सन्दर्भमा हालै मन्त्रिपरिषदबाट पारित भएको राष्ट्रिय पर्यटन रणनीतिक योजना, २०१६-२०२५ ले लिएको पर्यटनलाई योजनावद्ध र दिगो तवरबाट विकास गर्ने लक्ष्य समेतका आधारमा पर्यटकीय तथा साँस्कृतिक क्षेत्रको दिगो विकास गर्दै आर्थिक वृद्धि गरि गरिवी निवारणमा समेत टेवा पुग्ने गरी मुक्तिनाथ क्षेत्रको गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने कार्यको अध्ययन सम्बन्धी आवश्यकता महशुस गरी यस आर्थिक वर्षमा मुक्तिनाथको योजनावद्द विकासको लागि गुरुयोजना तयार गरी कार्यन्वयनमा ल्याउन पर्याप्त बजेट व्यवस्था समेत गरिएको छ । उक्त क्षेत्रको गुरूयोजना तयार गरी कार्यान्वयन पश्चात नेपाल आउने विदेशी पर्यटक तथा धार्मिक पर्यटकहरु तथा आन्तरिक पर्यटकहरु समेतलाई नेपालको साँस्कृतिक तथा धार्मिक महत्व झल्काई नेपाललाई विश्व सामु चिनाउन मद्दत पुग्ने साथै नेपालको धार्मिक पर्यटनमा समेत सकारात्मक छवि बन्न सक्ने देखिन्छ । मुक्तिनाथ क्षेत्रको गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने कार्यले धार्मिक तथा अन्य प्रकृतिका पर्यटकहरुको समेत आवागमनमा थप भई नेपालको आर्थिक वृद्धिमा समेत मद्दत पुर्‍याउन जरुरी रहेको परिप्रेक्ष्यमा उक्त क्षेत्रको अध्ययन गरी गुरुयोजना तयार गर्न आवश्यक भएको छ । नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको चालु आ.व. २०७३।७४ को स्वीकृत कार्यक्रम अनुसार मुक्तिनाथको योजनावद्ध विकासको लागी गुरुयोजना निर्माण गर्ने कार्यको विवरण (TOR) तयार गरिएको छ ।

## २ अवधारणा

नेपालमा पर्यटनको विकास भन्नुनै सहासिक पर्यटन,धार्मिक पर्यटन र प्राकृतिक पर्यटन को एकिकृत रुपमा विकास गर्नु हो ।त्यस मध्ये पनि नेपालमा रहेका धार्मिक केन्द्र तथा अस्थाका धरोहर भन्नु नै बुद्ध धर्म र हिन्दु धर्मका धरोहरहरु हुन । नेपालमा रहेका धार्मिक स्थलहरुको विकास र प्रवर्द्धन गर्दै धार्मिक पर्यटकिय आवागमन अभिवृद्धी गर्नु हो । यसै कार्यको थालनिको रुपमा प्रमुख धार्मिक स्थलहरु मध्ये मुक्तिनाथ क्षेत्रको गुरूयोजना बनाउन लागिएको छ ।उक्त क्षेत्रको गुरूयोजना निर्माण पश्चात सोही आधारमा सो क्षेत्रको विकास गरी धार्मिक पर्यटक बढाउने अवधारणा रहेको छ ।

## ३ उद्देश्य

मुक्तिनाथ क्षेत्रको गुरूयोजना तयार गर्नुको निम्न उद्देश्यहरु रहेका छनः

३.१ मुक्तिनाथ क्षेत्रको गुरूयोजना तयार गरी कार्यान्वयन गर्दै जाने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्यमा सम्बन्धित क्षेत्रको दक्षता एवं अनुभव प्राप्त व्यक्ति वा संस्थाबाट अध्ययन गराई प्रतिवेदन तयार गर्नु यसको मुख्य उद्देश्य रहेको छ ।

३.२ मुक्तिनाथ क्षेत्रको संरक्षण सम्बर्द्धन र विकासका संभावना बारे जानकारी प्राप्त हुने ।

३.३ मुक्तिनाथ धार्मिक केन्द्रमा यातायात तथा संचार सुविधा, सुरक्षा व्यवस्था र मुक्तिनाथ क्षेत्रको आकर्षण बढाउन केकस्ता संरचनाको निर्माण गर्न आवश्यक छ भन्ने बारे जानकारी प्राप्त हुने

३.४ प्राकृतिक सम्पदा समेतलाई जोडि सर्किट बनाउन सकिने नसकिने बारेमा जानकारी प्राप्त हुने ।

## ४ अध्ययनको आवश्यकता

नेपालको प्राकृतिक, साँस्कृतिक, धार्मिक पर्यटन तथा समग्र पर्यटन क्षेत्रमा क्रियाशिल व्यक्ति वा संस्था, यस क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने व्यक्ति वा संस्थाहरु र पर्यटन क्षेत्रमा काम गर्ने विज्ञ समूह समेतको सल्लाह एवं सुझावहरुका आधारमा अध्ययन गरी साँस्कृतिक तथा धार्मिक पर्यटन समेत समग्र पर्यटन क्षेत्रको विकास गर्ने गरी मुक्तिनाथ क्षेत्रको गुरूयोजनाको आधारमा विकास तथा संरक्षण कार्य गर्नका लागि गुरूयोजना निर्माण गर्न आवश्यक भएको छ ।

## ५ अध्ययनको विषय

मुक्तिनाथ क्षेत्रको दिगो र प्रभावकारी विकास गरी प्रमुख धार्मिक केन्द्रको रुपमा विकास गर्न कुन कुन क्षेत्रमा के कस्ता कार्य गर्न आवश्यक छ भन्ने बारेमा अध्ययन गरी गुरुयोजना निर्माण गर्ने ।

## ६ अध्ययनको क्षेत्र

मुस्ताङ्ग जिल्लाको मुक्तिनाथ क्षेत्रलाई आधार मानी गुरुयोजना निर्माण गर्न अध्ययन गर्नु पर्नेछ ।तसर्थ मुक्तिनाथ क्षेत्रलाई व्यापकता दिनलाई मुक्तिनाथ क्षेत्रको सेरोफेरोमा रहेका कागबेनी, दामोदर कुण्ड लगायतका क्षेत्र समेत समेट्ने गरी विकास गर्ने लक्ष सहित गुरुयोजना निर्माण गर्ने ।

## ७ प्रतिवेदनमा समावेश गर्नु पर्ने विषयहरु

मुक्तिनाथ क्षेत्रको गुरुयोजना निर्माण गर्दा निम्न विषयहरु समावेश गरि उक्त क्षेत्रमा भौतिक निर्माण तथा व्यवस्थापनका लागि कहाँ कहाँ कसरी के के गर्न सकिन्छ भन्ने वारेमा प्रतिवेदनमा उल्लेख गर्नु पर्ने छ ।

७.१ पृष्ठभूमी,

७.२ अध्ययन विधि,

७.३ गुरुयोजना अनुसारको संरक्षण, विकास र निर्माणका कामहरु गर्दा लाग्ने अनुमानित बजेट, समय र लागतका विषयमा,

७.४ हिन्दु धर्मका गुरुहरु बस्ने र खाने स्थानका सम्बन्धमा ,

७.५ बुद्ध धर्मका गुरुहरु बस्ने र खाने स्थानका सम्बन्धमा,

७.६ आनीहरु बस्ने र खाने स्थानका सम्बन्धमा,

७.७ यातायात सुविधालाई कुन स्थानसम्म जान दिने , सवारी पार्किङ व्यवस्था कँहा कसरी मिलाउने सो वारेमा,

७.८ तिर्थयात्रीहरु बस्ने र खाने स्थानका सम्बन्धमा,

७.९ मन्दिर परिसरमा खानेपानी लगाएतका व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा,

७.१० मन्दिर परिसरमा भैरहेका संरचनाहरुको अभिलेख संरक्षण र विकास कसरी गर्ने भन्ने सम्बन्धमा,

७.११ मुक्तिनाथ मन्दिर परिसरमा संग्राहलयको स्थापना र व्यवस्थापनको लागि भवन र पुस्तकालय भवनको स्थापना र संचालन सम्बन्धमा,

७.१२ मन्दिरको प्रशासनिक कार्यालय एवं संचालन व्यवस्था कहाँ कसरी गर्ने सम्बन्धमा,

७.१३ भक्तजनहरु बस्ने घर कहाँ उपयुक्त हुन्छ ( जग्गा उपलब्ध छ कि छैन) सो सम्बन्धमा,

७.१४ भजन घर र सो को स्थानको सम्बन्धमा,

७.१५ स्वास्थ्य चौकी सम्बन्धी व्यवस्थाका सम्बन्धमा,

७.१६ मुक्तिनाथ क्षेत्र एवं सो को वरिपरीको सुरक्षा व्यवस्थाको लागि प्रहरी वा सेना वा सशस्त्र प्रहरी के राख्न उपयुक्त हुन्छ ,

७.१७ आन्तरीक सुरक्षागार्ड बस्ने घरका सम्बन्धमा,

७.१८ मेडिटेसन हलका सम्बन्धमा,

७.१९ बगैंचा स्थापना र व्यवस्थापन गर्ने विषयका सम्बन्धमा,

७.२० बैंक काउण्टरका सम्बन्धमा,

७.२१ मन्दिर क्षेत्रको भू-क्षय व्यवस्थापनका सम्बन्धमा,

७.२२ कागबेनी- मुक्तिनाथ-दामोदरकुण्ड-लोमाङथाङ लाई धार्मिक पदमार्गको रुपमा विकास गर्न सर्किट निर्माण सम्वन्धी विषय,

७.२३ आराम कक्षका सम्बन्धमा,

७.२४ हेलिप्याड निर्माण काँहा र कति दुरिमा गर्ने भन्ने सम्बन्धमा,

७.२५ वातावरण संरक्षण र फोहर मैला तथा ढलको उचित व्यवस्थापन सम्वम्धमा,

७.२६ विस्तृत फोटोग्राफिक प्रदर्शनीका सम्बन्धमा ,

७.२७ पुजा पाठका सामाग्री बेच विखन गर्न कहाँ/कसरी व्यवस्था मिलाउने सो सम्बन्धमा,

७.२८ V.I.P कक्षको निर्माण तथा व्यवस्थापनका सम्बन्धमा,

७.२९ मन्दिर क्षेत्रमा सौर्य वा हावा वा अन्य कुनै तरिकावाट विद्युत आपुर्ती गर्ने सम्बन्धमा,

७.३० मन्दिर क्षेत्रमा शौचालय निर्माण व्यवस्थाका सम्बन्धमा ,

७.३१ तिर्थयात्रुहरुलाई खाना र बस्नको लागि उपयुक्त होटल तथा लज कँहा कँहा कतिवटा सम्म खोल्न दिन उपयुक्त हुन्छ सो सम्बन्धमा,

७.३२ मुक्तिनाथ क्षेत्रको चल तथा अचल सम्पत्तिका सम्बन्धमा, यसमा मुक्तिनाथ मन्दिरका नाममा विभिन्न जिल्लामा रहेका जमिनको लगत तयार गर्ने। यी जमिनहरु कुन रुपमा कसले उपयोग गरको छ सोको पहिचान गर्ने र भविस्यमा ती जमिनलाई मन्दिरको हितमा कसरी उपयोग गर्न सकिन्छ सो समेतको बिषयमा सिफारीश गर्ने।

७.३३ मुक्तिनाथ धार्मिक क्षेत्रमा आवाश्यकता अनुसार पाठ ,पूजा ,अन्तरकृया एवं छलफल गर्न सकिने गरी १००० जना सम्म अट्ने Community Hall को निर्माण गर्ने सम्वन्धमा ,

७.३४ प्रवेशद्वार निर्माणका सम्बन्धमा,

७.३५ लुगा फेर्ने कोठा र लकरका सम्बन्धमा,

७.३६ मन्दिर क्षेत्रमा संचार सुविधा तथा जानकारीमुलक सुचना उपलव्ध गराउने सम्बन्धमा,

७.३७ मन्दिरको भेटीघाटी व्यवस्थापनका सम्बन्धमा,

७.३८ मन्दिर परिसरमा कुन कुन स्थानमा कति जना पूजारी राख्ने सो सम्बन्धमा

७.३९ मुक्तिनाथ क्षेत्रको विस्तार गर्ने गरी विस्तृत गुरुयोजना बनाउन लागिएकाले सो क्षेत्रलाई ५,००० रोपनी देखि १०,००० रोपनी सम्मको क्षेत्रफल हुने गरी सिमांकन पहिचान गर्ने,

७.४० मुक्तिनाथ क्षेत्रको गुरुयोजना निर्माण पश्चात उक्त योजनाको कार्यान्वयनका लागि कति जग्गा आवाश्यक पर्छ र त्यस मध्ये कति सरकारी र कति व्यक्तिगत जग्गा पर्छ सो को अधिग्रहण गर्न कति रकम चाहिन्छ सो विषयमा,

७.४१ केवुलकार निर्माण एवं संचालन गर्न कँहा बाट कसरि निर्माण एवं संचालन गर्न सकिन्छ सो को दुरि मन्दिरवाट कति टाडा हुने भन्ने विषय,

७.४२ मुक्तिनाथ धार्मिक क्षेत्र भित्र के कस्ता पसलहरु राख्न वा खोल्न दिने र त्यसको व्यवस्थापन कसरि गर्ने भन्ने विषय,

७.४३ मन्दिर परिसरमा हिन्दु धर्म एवं बुद्धधर्म सम्वन्धी अध्ययन गर्ने छुट्टा छुट्टै विद्यालय आवश्यक भए नभएको र उक्त विद्यालयहरु कुन स्थानमा स्थापना गर्न उपयुक्त हुन्छ सो वारेमा,

७.४४ पुर्वाधार निर्माणका संरचनाहरु के कति उचाईका हुन उपयुक्त हुने सो वारेमा

७.४५ माथि उल्लेखित कार्यहरुको अनुमानित लागत र Drawing/Design को खाँका समेत बनाउनु पर्ने र
७.४६ माथि उल्लेखित कार्यहरुका अतिरिक्त अन्य के के कार्यहरु बनाउन वा निर्माण गर्न उपयुक्त हुन्छ सो वारेमा राय सुझाव दिनु पर्नेछ ।
७.४७ पार्किङ्ग, लकर, धर्मशाला, पूजा सामग्री पसल आदिको शुल्क निर्धारण गर्ने सम्बन्ध।

## ८. जनशक्ति

माथि उल्लिखित बुँदाहरुका कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति देहाय बमोजिम व्यवस्था गर्नुपर्ने ।

| S.N. | Description | Person | Unit | Minimum Experience after Bachelor | Minimum Qualification Required |
|---|---|---|---|---|---|
| A. | **Key Staff** | | | | |
| 1 | Urban Planner (Team Leader) | 1 | No. | 10 | M Sc. in Urban planning/Civil /Architectural Engineering/Planning |
| 2 | Archeologist | 1 | No. | 5 | M.Sc./Anthropology/Sociology |
| 3 | Tourism Expert | 1 | No. | 5 | M.Sc./Social Science /Anthropology/Tourism. |
| 4 | Sociologist | 1 | No. | 5 | Masters/ Social Science/Anthropology. |
| 6 | Geologist | 1 | No. | 5 | M.Sc. geology/Geotechnical Engineering |
| 7 | Structural Engineer | 1 | No. | 5 | M.Sc. Structure |
| 5 | Architecture Engineer | 1 | No. | 5 | B.E. Arch |
| 8 | Civil Engineer | 2 | No. | 5 | B.E. Civil |
| 9 | Electrical Engineer | 1 | No. | 5 | B.E. Electrical |
| 9 | Senior Surveyor | 2 | No. | 5 | Bachelor in Survey/ Geomatics /Senior Survey Course after Bachelor |
| B | **Support Staff** | | | | |
| 1 | Sub Engineer Civil | 2 | No. | 5 | Diploma in Civil Engineering or Equivalent |
| 2 | Draft Person | 2 | No. | 5 | Diploma in Architecture Engineering or Equivalent |
| 3 | Computer Operator | 2 | No. | | +2 in any field with Basic Computer Training |
| 4 | Office Assistants | 3 | No. | | N/A |

❖ **आवश्यकतानुसार अन्य विज्ञ वा सहायकहरु वा सम्वन्धित पदाधिकारीहरु**

## ९ अन्तर्क्रिया तथा छलफल  गर्नु पर्ने

मुक्तिनाथ क्षेत्रको गुरुयोजना निर्माणका क्रममा सम्बन्धित जिल्लाका पदाधिकारीहरु, मुक्तिनाथ मन्दिर व्यवस्थापन समितिका पदाधिकारीहरु, स्थानीय नागरिकहरु, भूमिसुधार तथा मालपोत , नापी ,वन , गुठी एवं यस मन्त्रालय वा अन्तर्गतका कर्मचारीहरु समेतलाई संलग्न गराई गुरुयोजना निर्माणको प्रारम्भमा नै छलफल तथा अन्तर्क्रिया कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## ११. काम शुरु गर्नुपर्ने अवधी

सम्झौता भएको मितिले १ महिना भित्र गर्नु पर्ने कार्यहरुको प्रारम्भिक ढाँचा पेश गर्नु पर्नेछ र सो ढाँचा स्वीकृत भएपछि कार्यदेश पाए पश्चात तुरुन्त अध्ययन कार्य शुरु गर्नु पर्नेछ । सम्झौता भएको मितिले ८ (आठ) महिनाभित्र गुरुयोजनाको अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

# १२. परामर्शदाताले पेश गर्नु पर्ने प्रतिवेदन आदि सामग्री विवरण

परामर्शदाताले माथि उल्लेखित  मुक्तिनाथ क्षेत्रको गुरुयोजनाको मस्यौदा प्रतिवेदन नेपाली वा अङ्ग्रेजी भाषा मध्य कुनै एकमा तयार गरी पेश गर्नु पर्नेछ । पेश भएका मस्यौदा प्रतिवेदनहरु सरोकारवालाहरुको उपस्थितीमा छलफल एवं अन्तरर्क्रिया कार्यक्रम संचालन गर्नु पर्नेछ र Three Dimension सहितको प्रस्तावित कार्यक्रमको PowerPoint Presentation कम्तिमा ४० मिनेटको पेश गर्नुपर्ने छ । अन्तरर्क्रियामा प्राप्त सुझाव समेतलाई समेटी गुरुयोजनाको अन्तिम प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । उक्त गुरुयोजनाको प्रतिवेदनको वाइण्डिङ्ग गरिएका पाँच प्रति र सो को डिजिटल कपी सि.डि. वा पेन ड्राइभमा दुई थान पेश गर्नु पर्नेछ । प्रतिवेदन उपर मन्त्रालयवाट कुनै सुझाव प्राप्त भएमा सो समेत  समावेश गरि प्रतिवेदन तयार गर्नु पर्नेछ । मन्त्रालयबाट तोकिए बमोजिम को कार्य नभएमा पारिश्रमिक रोक्का राख्न सकिनेछ । प्रतिवेदन बुझाउने प्रक्रिया तपशिल बमोजिम रहेको छः

| क. न. | प्रतिवेदन | बुझाउने समय | कैफियत |
|---|---|---|---|
| १ | स्थापना प्रतिवेदन | ३० दिन | सम्झौता भएको मितिबाट समयावधि लागु हुने छ । |
| २ | अन्तिम मस्यौदा प्रतिवेदन | ६ महिना | |
| ३ | अन्तिम प्रतिवेदन | ८ महिना | |

**भुक्तानी गर्ने प्रक्रियाः**

परामर्शदातालाई रकम भुक्तानी नेपाल सरकारको नियम वा TOR मा उल्लेख भए बमोजिम हुने छ । निकाशा ३ किस्तामा हुन सक्ने छ।

१ स्थापना प्रतिवेदन तयार गरी पेश गरे पश्चातः........................................३०%

२ अन्तिम मस्यौदा प्रतिवेदन तयार गरी पेश गरे पश्चातः ........................................४०%

३ अन्तिम प्रतिवेदन तयार गरी पेश गरे पश्चातः........................................३०%

# १३. अन्य केही भएमा

कार्यक्रम कार्यान्वयनमा कुनै कठिनाई उत्पन्न भएमा अथवा केहि विवाद भएमा प्रचलित कानून अनुसार एवं अपसी छलफलबाट समाधान गरिने छ ।